**नेपाल सरकार**

# ऊर्जा मन्त्रालय

ऊर्जा मन्त्रालयबाट स्वीकृत मिति : २०६८।१०।१५

## जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०६८

विद्युत नियमावली, २०५० को नियम ९४क. ले दिएको अधिकार प्रयोग गरी ऊर्जा मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम **"जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०६८"** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका जलविद्युत उत्पादनको सर्वेक्षण तथा उत्पादन अनुमतिपत्र जारी गर्ने वा त्यसको नवीकरण गर्ने वा खारेज गर्ने कारवाई वा निर्णय प्रक्रियामा लागु हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(१) "नियमावली" भन्नाले विद्युत नियमावली, २०५० सम्झनु पर्छ ।

(२) "आयोजना" भन्नाले जलविद्युत आयोजना सम्झनु पर्छ ।

(३) "विभाग" भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ ।

(४) "प्रवर्द्धक" भन्नाले कुनै आयोजनाको अनुमतिपत्रको लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

### ३. अनुमतिपत्रको दरखास्त सम्बन्धी व्यवस्थाः

(१) कुनै जलविद्युत आयोजनाको विकास गर्न चाहने प्रवर्द्धकले विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्नको लागि देहाय बमोजिमको कागजातहरु सहित नियमावलीको अनुसूची–२ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

(क) दरखास्तमा माग गरेको विद्युत उत्पादनको क्षमता अनुसारको अनुमतिपत्र दस्तुर बापतको रकम विभागको धरौटी खातामा जम्मा गरेको सक्कल रसिद,

(ख) नियमावलीको नियम ४ को (क), (ख), (ग) र (घ) बमोजिमको विवरणहरु (जस्तैः अध्ययन कार्यको (Detail cost breakdown) डिटेल कष्ट ब्रेक डाउन, कार्य तालिका, आयोजनाको हाईड्रोलोजिकल विश्लेषण आदि), खुल्ने गरी तयार पारेको डेस्क स्टडी रिपोर्टका साथै नापी विभागद्वारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको क्षेत्र रेखाङ्कन गरिएको स्थलरुप नक्सा,

(ग) संस्थाले दरखास्त दिंदा संस्थादर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्वर र संस्थाको प्रबन्धपत्र तथा नियमावली,

(ङ) उपदफा ३ बमोजिम आर्थिक क्षमता प्रमाणित हुने कागजात विवरण,

(च) उपदफा ४ बमोजिम प्राविधिक क्षमता प्रमाणित हुने कागजात विवरण,

(छ) संयुक्त उपक्रमवाट आयोजनाको विकास गर्ने भए सो सम्बन्धी समझदारीपत्र वा संझौताको प्रमाणित प्रतिलिपि,

(झ) प्रवर्द्धक वा निजको तर्फवाट सम्पर्क गर्ने आधिकारिक व्यक्तिको विवरण, पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नं. (कार्यालय, निवास,) मोबाइल नं., फ्याक्स नं.,पो.व.नं., तथा इमेल,

(२) कुनै आयोजनाको जडित क्षमता निर्धारण देहायको आधारमा गरिनेछ :

(क) विभागले अनुमतिपत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको (Probability of Excedence) प्रोब्याबिलिटी अफ एक्सिडेन्स Q40 (क्यू फोर्टी) लाई आधार बनाउने छ ।

(ख) प्रवर्द्धकले पेश गरेको हाईड्रोलोजिकल तथ्यांङ्क विभागमा उपलब्ध आधिकारिक तथ्याङ्कसंग तात्विक रुपमा फरक परेको पाईएमा विभागमा उपलब्ध तथ्यांकलाई आधार मानी विभागले सम्बन्धित आयोजनाको जडित क्षमता निर्धारण गर्नेछ ।

(ग) प्रवर्द्धकले दरखास्तमा माग गरेको जडित क्षमता भन्दा विभागवाट निर्धारण भएको जडित क्षमता बढी हुन आएमा विभागवाट निर्धारित जडित क्षमतालाई कायम गरी सोही बमोजिम अनुमतिपत्र दस्तुर बापतको धरौटी प्रवर्द्धकबाट प्राप्त भइसकेपछि मात्र विभागले आवश्यक कारवाही प्रारम्भ गर्नेछ ।

(घ) यसरी कुनै आयोजनाको जडित क्षमता निर्धारण गर्दा विभागले जलस्रोतको अधिकतम उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफललाई नै मुख्य आधार मान्नेछ ।

(ङ) कुनै प्रवर्द्धकले उचित आधार सहित आयोजनाको जडित क्षमता वृद्धिको लागि दरखास्त दिएमा अनुमतिपत्र जारी भएको मितिदेखि त्यस्तो जडित क्षमता वृद्धि भएको मानी सोही अनुसारको दस्तुर बुझाउनु पर्नेछ ।

(३) प्रवर्द्धकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्न विभाग समक्ष निम्न कागजातहरु पेश गर्नु पर्नेछ :

(क) आयोजनाको कुल लागतको बीस प्रतिशत स्वपुँजी (इक्वीटी) को हिसाबले हुन आउने रकमको कम्तिमा पाँच प्रतिशत रकम बराबरको खुद सम्पत्ति (नेट वर्थ) रहेको प्रमाणित कागजात वा पछिल्लो छ महिनासम्म कायम रहेको आधिकारिक तरल सम्पत्तिको विवरण विभाग समक्ष पेश गर्नु पर्नेछ । यस्तो विवरण दर्तावाल चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको तथा पछिल्लो आर्थिक वर्षको आधिकारिक लेखापरीक्षण प्रतिवेदन समेत समावेश भएको हुनुपर्नेछ ।

(ख) एक भन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेको हकमा त्यस्तो प्रवर्द्धकले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता ।

(ग) संयुक्त उपक्रम (जोईन्ट भेन्चर) द्वारा आयोजना विकास गर्ने भएमा आबद्ध संस्थाको सामुहिक आर्थिक क्षमता (खुद सम्पत्ति वा तरल सम्पत्ति) ।

(घ) संयुक्त उपक्रमवाट आयोजना विकास गरिने भएमा कानुन बमोजिम नयाँ कम्पनी दर्ता गरेको प्रमाणित कागजातहरु ।

(४) प्रवर्द्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न देहाय बमोजिमका कागजात विवरणहरु विभाग समक्ष पेश गर्नु पर्नेछ :

(क) प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौतापत्र र परामर्शदातृ संस्थाको प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि ।

(ख) विदेशी परामर्शदातृ संस्था भएमा त्यस्तो संस्थाले नेपालमा दर्ता भएको कुनै परामर्शदातृ संस्थासंग आबद्ध भई कार्य गर्ने गरी गरेको सम्झौताका अतिरिक्त संस्था दर्ता भएको कागजातको प्रमाणित प्रतिलिपी ।

(ग) परामर्शदातृ संस्थावाट आयोजनाको कार्यमा संलग्न हुने प्राविधिकहरुको योग्यता तथा अनुभव खुल्ने कागजातहरु ।

(घ) परामर्शदातृ संस्थाले यस अघि जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन वा डिटेल डिजाईन वा डिटेल प्रोजेक्ट रिपोर्ट तयार गरेको अनुभव खुल्ने कागजातहरु ।

## **४. अनुमतिपत्र जारी गर्ने सम्बन्धी व्यवस्था:**

(१) विभागले सामान्यतया रीतपूर्वक दर्ता भएको पहिलो दरखास्तलाई कारवाहीको क्रममा पहिलो प्राथमिकता दिनेछ ।

(२) विभागले दफा ३ को उपदफा (१) मा उल्लेखित सम्पूर्ण कागजातहरु प्राप्त नभएसम्म त्यस्तो दरखास्त उपर कुनै कारवाही अगाडि बढाउने छैन । दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक सम्पूर्ण कागजात पेश गर्न प्रबर्द्धकलाई पैंतिस दिनको समयावधि दिइनेछ । यसरी तोकिएको समयावधिमा आवश्यक कागजात पेश नगर्ने प्रवर्द्धकको दरखास्त रद्द गरिनेछ ।

(३) कोशी, गण्डकी, कर्णाली र महाकाली गुरुयोजना अन्तरगत पहिचान भएका आयोजनाहरुलाई प्रतिकूल प्रभाव पार्ने गरी दिएको दरखास्त उपर विभागले कुनै कारवाही गर्ने छैन ।

(४) विभागले सरकारी स्तरवाट अध्ययन सम्पन्न भएका वा अध्ययनको चरणमा रहेका वा अध्ययनको लागि छनौट भएका वा सरकारको वार्षिक कार्यक्रममा समावेश भैसकेका आयोजनाहरुसंग दोहोरो पर्ने गरी कुनै प्रवर्द्धकले दरखास्त दिएको भएमा त्यस्तो दरखास्त उपर कारवाही गर्ने छैन ।

(५) कुनै आयोजना विकास गर्नको लागि कुनै प्रवर्द्धकले दिएको दरखास्तमा माग गरिएको सर्वेक्षण क्षेत्र बहाल रहेको कुनै अनुमतिपत्र प्राप्त प्रवर्द्धकको सर्वेक्षण क्षेत्रसंग दोहोरो पर्ने रहेछ भने त्यस्तो दरखास्त उपर विभागले कुनै कारवाही गर्ने छैन ।

तर आंशिक रुपमा दोहोरो परेता पनि दोहोरो नपरेको क्षेत्रमा आयोजना सम्भाव्य हुने देखिएमा वा जलस्रोतको उपयोगमा दोहोरो नपर्ने तथा अन्य आयोजनाहरुको प्रस्तावित संरचना वा

सो संरचना निर्माणमा वाधा नपर्ने एवं उत्पादन क्षमतामा समेत प्रतिकूल असर नपर्ने भएमा विभागले कारवाही अघि बढाउन सक्नेछ ।

(६) राष्ट्रिय निकुञ्ज, वन्य जन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र भित्र पर्ने आयोजनाको हकमा वन तथा भू-संरक्षण मन्त्रालयको सहमतिपत्र प्राप्त भएपछिमात्र विभागले त्यस्तो आयोजनाको अनुमतिपत्र जारी गर्ने प्रक्रिया प्रारम्भ गर्नेछ ।

(७) प्रवर्द्धकवाट पेश हुन आएको डेस्क स्टडी रिर्पोट तथा प्रारम्भिक हाईड्रोलोजिकल अध्ययनको आधारमा उक्त आयोजना तत्कालका लागि सम्भाव्य नदेखेमा उक्ते दरखास्तमा कारवाही अघि बढाइने छैन ।

(८) एउटै क्षेत्रमा दोहोरो पर्ने गरी एक भन्दा बढी दरखास्त परेको अवस्थामा कानुन बमोजिम कुनै प्रवर्द्धकका नाममा अनुमतिपत्र जारी भई सकेपछि बाँकी रहेका दरखास्तहरु स्वतः रद्द हुनेछन् ।

(९) प्रबर्द्धकलाई पहिलो पटक सर्वेक्षण अनुमतिपत्र जारी गर्दा २ (दुई) वर्षको अवधि भन्दा कम हुने गरी जारी गरिने छैन ।

## ५. अनुमतिपत्र नवीकरण सम्बन्धी व्यवस्थाः

(१) अनुमतिपत्रको नवीकरणको लागि अनुमतिपत्रको म्याद समाप्त हुनु अगावै विभागमा दरखास्त दिनु पर्नेछ । सो समयावधी भित्र नवीकरणको लागि दरखास्त नपरेमा उक्त अनुमतिपत्र स्वतः खारेज हुनेछ ।

(२) नवीकरणको लागि दरखास्त दिंदा नियमावलीको अनुसूची-११ बमोजिमको दस्तुर, यस निर्देशिकाको अनुसूची बमोजिम भरिएको फारामहरु तथा विगतमा पेश गरेको कार्यतालिका अनुसारको कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ । कार्यतालिका बमोजिम निर्धारित कार्यहरु तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सोको कारण र औचित्य समेत उल्लेख गर्नु पर्नेछ ।

(३) अनुमतिपत्र नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिनेछ । प्रवर्द्धकले पेश गरेको कार्य प्रगति प्रतिवेदन सन्तोषजनक नभएको देखिएमा वा विभागले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकवाट प्रस्तुतीकरण गर्न लगाउने वा विभागले आफ्नो मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गराउन सक्नेछ ।

(४) माथि उल्लिखित कुनै प्रक्रियावाट आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्र नवीकरण गरिने छैन । तर अनुमतिपत्र नवीकरण गर्ने वा नगर्ने निर्णय गर्नु अघि सम्बन्धित प्रवर्द्धकलाई सफाई पेश गर्न पैंतीस दिनको समयावधि उपलब्ध गराइनेछ ।

## ६. एकसय किलोवाट देखि एकहजार किलोवाटसम्मका आयोजनाको सम्बन्धमाः

(१) एकसय किलोवाट देखि एकहजार किलोवाटसम्म क्षमताको आयोजनाको अध्ययन तथा विकास गर्न चाहने प्रबर्द्धकले देहाय बमोजिमको कागजात र विवरण संलग्न गरी विभागमा जानकारी गराउनु पर्नेछ :

(क) नियमावलीको अनुसूची -१ बमोजिमको दरखास्त,

(ख) नियमावलीको नियम ३ को (क), (ख), (ग) र (घ) बमोजिमको विवरणहरु (जस्तैः अध्ययन कार्यको (Detail cost breakdown) डिटेल कष्ट ब्रेक डाउन, कार्य तालिका, आयोजनाको हाईड्रोलोजिकल विश्लेषण आदि), खुल्ने गरी तयार पारेको डेस्क स्टडी रिपोर्टका साथै नापी विभागद्वारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको क्षेत्र रेखाङ्कन गरिएको स्थलरुप नक्सा,

(ग) संस्थाको नामबाट दरखास्त दिँदा सो संस्थाको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावली,

(घ) उपदफा ३  बमोजिम आर्थिक क्षमता प्रमाणित हुने कागजात विवरण,

(ङ) उपदफा ४ बमोजिम प्राविधिक क्षमता प्रमाणित हुने कागजात विवरण,

(च) प्रवर्द्धक वा निजको तर्फवाट सम्पर्क गर्ने आधिकारिक व्यक्तिको विवरण, पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नं. (कार्यालय, निवास,) मोबाइल नं., फ्याक्स नं.,पो.व.नं., तथा इमेल ठेगाना

(छ) सम्बन्धित जिल्लाको जिल्ला जलश्रोत समितिले आयोजना विकास गर्न दिएको सहमति वा सिफारिसपत्र ,

(२) उपदफा (१) बमोजिमका सम्पूर्ण विवरण प्राप्त भएपछि विभागले दरखास्तसाथ पेश हुन आएका कागजात विवरणहरुको अध्ययन गरी प्रवर्द्धकले आयोजनाको विकास गर्न दिएको जानकारी स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निणर्यको जानकारी सम्बन्धित प्रवर्द्धक तथा जिल्ला जलश्रोत समितिलाई दिनु पर्नेछ ।

**७. जलाशययुक्त आयोजनाहरु सम्बन्धी व्यवस्थाः**

(१) विभागले कोशी गण्डकी, कर्णाली र महाकाली गुरुयोजना अन्तरगत पहिचान भएका जलाशय युक्त आयोजनाहरुको सम्बन्धमा गुरुयोजनाको मूल उद्देश्यसंग प्रतिकूल प्रभाव नपर्ने गरी आयोजनागत रुपमा प्रवर्द्धकहरुको दरखास्त जाँचबुझ वा परीक्षण गरी कारवाही बढाउन सक्नेछ ।

(२) माथि उल्लेखित गुरुयोजनाहरुमा परेका जलाशययुक्त आयोजनाहरुको हकमा जडित क्षमता निर्धारण गर्दा सम्बन्धित गुरुयोजनामा उल्लिखित जडित क्षमता कम नहुने गरी निर्धारण गर्नु पर्नेछ ।

(३) जलाशययुक्त आयोजनाहरुको लागि अनुमतिपत्र जारी गर्दा आयोजनाको प्रकृति तथा स्वरुपको आधारमा अनुमतिपत्रमा आवश्यकता अनुसार थप शर्त तथा बन्देजहरु समावेश गरिने छ ।

**८. सरकार आफैले वा अन्य उपयुक्त प्रक्रियाबाट विकास गराइने आयोजनाहरुः** देहायका आयोजनाहरु सरकार आफैले वा खुल्ला प्रतिस्पर्धा वा जल विद्युत आयोजना विकास गर्ने उद्देश्यसाथ स्थापित सहकारी संस्थाबाट विकास गराइने आयोजनाहरुको सूचीमा रहने छन्:

(१) नेपाल सरकारको आफ्नै खर्च वा विदेशी सहयोगमा अध्ययन भएका आयोजनाहरु र;

(२) जारी गरिएको अनुमतिपत्र रद्द वा खारेज भई नेपाल सरकारको स्वामित्वमा आएका आयोजनाहरु ।

## ९. विविध व्यवस्थाः

(१) कुनै प्रवर्द्धकले आफुले प्राप्त गरेको विद्युत उत्पादन सर्वेक्षणको अनुमतिपत्र विक्री वा हस्तान्तरणको लागि स्वीकृति माग गरेमा त्यस्तो आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन अध्ययनको हकमा स्कोपीङ डकुमेन्ट र टर्म्स अफ रिफरेन्स स्वीकृत भइसकेको र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा टर्म्स अफ रिफरेन्स स्वीकृत भएको अवस्थामा मात्र कारवाही हुन सक्नेछ ।

(२) हस्तान्तरण भई जाने व्यक्ति वा संस्थाको आर्थिक क्षमता निर्देशिकाको दफा ३ बमोजिम प्रमाणित नभई हस्तान्तरणको प्रकृया प्रारम्भ हुने छैन ।

(३) कुनै कम्पनीको कामको प्रकृति वा शेयर संरचनामा कुनै परिवर्तन भएमा सोको विवरण कम्पनी रजिष्ट्रारको कार्यालयवाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

(४) **जलविद्युत अनुमतिपत्र व्यवस्थापन सम्बन्धी (आन्तरिक) कार्यविधि, २०६८** को दफा ३ को उपदफा (७) बमोजिम दरखास्त रद्द भई प्रवर्द्धकले दरखास्त साथ पेश गरेको धरौटी रकम फिर्ता लिइसकेको अवस्थामा निजहरुको दरखास्त रद्द भएको मानिनेछ । तर यसरी रद्द भएका आयोजनाको विकासका लागि त्यस्ता प्रवर्द्धकले समेत दरखास्त दिन सक्नेछन् ।

## १०.खारेजी र बचाउः

(१) **जलविद्युत अनुमतिपत्र व्यवस्थापन सम्बन्धी (आन्तरिक) कार्यविधि, २०६८** खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेका कामहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची

(निर्देशिकाको दफा ५ उपदफा (२)संग सम्बन्धित)

श्रीमान सचिव ज्यू                                                    मिति:

………………

उर्जा मन्त्रालय, सिंहदरवार, काठमाण्डौ

मार्फत:

श्रीमान महानिर्देशक ज्यू

विद्युत विकास विभाग, अनामनगर, काठमाण्डौ

**विषय:**……………………………………… ज.वि.आ. (…………… कि.वा.) को विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र (संख्या : वि.वि.वि…………… वि.उ.स……………………को म्याद थप/नवीकरण तथा ……………………………………………………………… ………………………………………………………………………………सम्वन्ध मा ।

उपरोक्त अनुमतिपत्रको म्याद यहि मिति …………………… मा समाप्त हुने भएको र कायम अवधिमा सम्पूर्ण कार्य समाप्त हुन नसकेकोले बाँकी कार्य सम्पन्न गर्नको लागी संलग्न तालिका सहित सो को म्याद ………………… सम्म थप हुन तथा ………. ……………. …………….. ………………. …………… ……………. ………….. ……………. ………………… ……………….. ……………. ………………. ……………. …………… ……………. ……………. ………………. ……………. ………………. ………………. ………………… को लागि आवश्यक दस्तुर र निर्दिष्ट विवरण सहित दरखास्त गर्दछु/गर्दछौं ।

साथै म/हामी यो प्रतिवद्धता गर्दछु/गर्दछौ कि संलग्न फारममा उल्लेख भए अनुसारका सवै विवरणहरु सत्य/तथ्यमा आधारित छन् र संलग्न कार्यतालिका अनुसारका कार्यहरु आगामी वर्ष सम्पन्न गरिने छन् । यदि संलग्न विवरणहरु तथ्यमा आधारित नपाइएमा वा संलग्न कार्यतालिका अनुसार उल्लेख्य प्रगति गर्न नसकेमा प्रचलित नियम, कानून तथा अनुमतिपत्रका (म्याद थप हुँदाका समेत) शर्तहरु अनुसार अनुमतिपत्र रद्धसम्मको कारवाही हुन गएमा मेरो/हाम्रो कुनै गुनासो रहने छैन ।

**निवेदक वा अख्तियार प्राप्त व्यक्तिको**

हस्ताक्षर……………………        कम्पनीको छाप

नाम…………………………

**नोट**:    *प्रत्येक पानामा अख्तियार प्राप्त व्यक्तिको दस्तखत र कम्पनीको हकमा छाप समेत हुनु अनिवार्य छ । विवरणहरु यहि ढाँचामा सफा टाइप गरिएको हुनु पर्नेछ ।*

जलविद्युत सर्भेक्षण अनुमतिपत्रको म्याद थप (नवीकरण)को दरखास्तका साथ पेश गर्नु पर्ने विवरणहरु

**फारम नं. १ : आयोजना सम्बन्धी संक्षिप्त विवरण**

| **अनुमति पत्र संख्या** | **वि. वि. वि..................वि.उ.स..................** | **विभागीय प्रयोजनको लागि** |
|---|---|---|
| आयोजनाको नाम तथा क्षमता | | |
| खोलाको नाम | | |
| जिल्ला, गा.वि.स. एवं कोअर्डिनेट | | |
| प्रर्वद्धकको नाम तथा ठेगाना (पो.ब.नं., इमेल, टेलिफोन, र फ्याक्स भएमा सो समेत) | | |
| अनुमति पत्र जारी मिति | | |
| यस अघिको म्याद थप विवरण | (क) २०......./...../.....देखि २०......./...../.....सम्म<br>(ख) २०...../...../......देखि २०......./...../.....सम्म<br>(ग) २०...../...../......देखि २०......./...../.....सम्म<br>[वर्ष/महिना/गते ] | |
| पछिल्लो पटक म्याद थप हुँदाका शर्त तथा निर्देशनहरु | | |
| हाल सम्म पेश भएका प्रतिवेदनहरु | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | |

## फारम नं. २ : हालसम्म सम्पन्न भएका मुख्य कार्यहरुको संक्षिप्त विवरण

| कार्य तथा गतिविधि | हाल सम्मको प्रगति | | विभागीय प्रयोजनको लागि |
|---|---|---|---|
| | संक्षिप्त विवरण | सम्पन्न प्रतिशत | |
| Topographical Survey and mapping | | | |
| Hydrological Studies | | | |
| Sediment Sampling and Analysis | | | |
| Surface Geological Mapping (Including discontinuity surveys and rock mass classification) | | | |
| Geotechnical Investigations (Test pits/adits; refraction/resistivity surveys; drilling etc.) | | | |
| Construction Material Survey | | | |
| Seismological Studies | | | |
| Design and Optimization | | | |
| Project Evaluation | | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | | |

**द्रष्टव्यः**

*१. कार्य शुरु मात्र गरिएको वा शुरु नै नभएको अवस्थामा प्रतिशतको महलमा सोही बमोजिम जनाउने ।*

*२. माथि दिइएको स्थान यथेष्ट नभए यही ढांचाको पाना थप गरी दुई पृष्ठमा नबढाइ विवरण दिन सकिने छ । फाराम ३ देखि ५ सम्मको हकमा समेत सोही बमोजिम गर्न सकिनेछ ।*

**फारम नं. ३: वातावरणीय अध्ययन लगायत अन्य कार्यमा हालसम्म सम्पन्न प्रगतिको विवरण**

| **कार्यहरु** | **हाल सम्मको प्रगति** | **विभागीय प्रयोजनको लागि** |
|---|---|---|
| | **संक्षिप्त विवरण (मिति सहित)** | |
| IEE/EIA को ToR | | |
| वातावरणीय अध्ययनको सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन/सार्वजनिक सुनुवाई | | |
| IEE/ EIA Report | | |
| अन्य अध्ययन तथा कार्यहरु | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | |

## फारम नं. ४: पछिल्लो वर्ष सम्पन्न भएका मुख्य कार्यहरुको विवरण

<table>
<tr><th rowspan="2">कार्य</th><th>कार्य प्रगति</th><th rowspan="2">विभागीय प्रयोजनको लागि</th></tr>
<tr><th>संक्षिप्त विवरण</th></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>पछिल्लो वर्ष पेश गरेका प्रतिवेदनहरु</td><td colspan="2"></td></tr>
<tr><td colspan="3">विभागीय प्रयोजनको लागि मात्रः</td></tr>
</table>

**फारम नं. ५: आगामी वर्ष गरिने कार्यहरुको कार्य तालिका**

| **कार्य** | **लक्ष्य** | |
|---|---|---|
| | **संक्षिप्त विवरण** | **उक्त अवधिको अन्तसम्म सम्पन्न हुने कूल प्रतिशत** |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| आगामी वर्ष पेश गरिने प्रतिवेदनहरु | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | |

**द्रष्टव्यः** *कार्य तालिका MS Project, Prima Vera वा त्यस्तै स्तरका Software बाट तयार गरी संलग्न गर्न सकिने छ । तथापि माथिको तालिका पूर्ण रुपमा भर्नु पर्नेछ ।*